"सिंचाई दिवस-२०७८"

"सिंचाईको पुर्वाधार, कृषि उत्पादन तथा रोजगारीको आधार"

२०७८ चैत्र २५ गते, विराटनगर

आयोजक

खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय
प्रदेश १ सरकार

सह-आयोजक

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

SIP Small Irrigation Programme

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT

Implemented by giz

प्रदेश सरकार

खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय

प्रदेश १ सरकार

सिंचाई दिवस

चैत्र २५

प्रस्तुतकर्ता

(रमेश प्रसाद पौडेल)

महाशाखा प्रमुख

सिंचाई तथा ऊर्जा विकास महाशाखा

स्थानीय तहका लागि
साना सिँचाइ कार्यक्रम सञ्चालनसम्बन्धी
निर्देशिका

खानेपानी, सिँचाइ तथा उर्जा मन्त्रालय

प्रदेश १, बिराटनगर

०७८/१२/२५

परिचय

साना सिँचाइ योजनाहरुको पहिचान, छनोट, वार्षिक कार्यक्रममा समावेश, कार्यान्वयन, अनुगमन आदि आधारभूत विषयमार एकरुपता ल्याई व्यवस्थित रुपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने उद्देश्यले **प्रदेश १ सरकारको खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयले स्थानीय तहको अनुरोधमा एकद्वार प्रणालीको निर्देशिका तयार गरेको छ ।**

सिँचाइ सम्बन्धमा अन्तरतह कार्यविभाजन

सन्दर्भ	स्थानीय तहको कार्यक्षेत्र
सिँचाइ, ८-११, ९-५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११-२-ट र ११-४-ग, रा.यो.आ. को योजना मापदण्ड, २०७६ तथा प्रदेश १ को प्रदेश सिँचाइ ऐन, २०७५	(१) स्थानीय स्तरका विकास आयोजना तथा परियोजना (१) (२) स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक, सिँचाइ (१) (३) साना सिँचाइ निर्माण र सुधार (२) (४) स्थानीय सिँचाइसम्बन्धी नीति, कानून, मापदण्ड तथा सोसम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन (३) (५) स्थानीयस्तरका सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन (३) (६) स्थानीय साना सतह तथा भूमिगत सिँचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलनसम्बन्धी व्यवस्थापन (३) (७) तराइ मधेसमा २०० हे. भन्दा कम र पहाडमा ५० हेक्टरभन्दा कम, हिमाली क्षेत्रमा २५ हेक्टर भन्दा कमका सिँचाइ आयोजना (४) (८) तराइ मधेसमा २०० हे. भन्दा कम र पहाडमा ५० हेक्टरभन्दा कमका सिँचाइ आयोजना (५) दफा ३

कोष्ठकमा लेखिएको १ ले संविधान, २ ले कार्य विस्तृतीकरण प्रतिवेदन, ३ ले कार्य विभाजन नियमावली र सम्बद्ध कानून र ४ ले राष्ट्रिय योजना आयोगको संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ र ५भन्नाले प्रदेश सिचाइ ऐन सँगको सम्बद्धता जनाउँदछ।

स्थानीय तहको कानून बनाउने अधिकार

- संविधानको धारा ५७. ४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(१) ले अनुसूची ८ मा उल्लिखित अधिकारको प्रयोग गरी स्थानीय तहको सभाले बनाएको कानूनबमोजिम हुने व्यवस्था गरेको ।
- कानून भन्नाले ऐन र यसअन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड समेतलाई जनाउने ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) ले स्थानीय ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यकतानुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको ।
- नेपाल सरकारले स्थानीय तहले बनाउने कानुनको नमूना उपलब्ध गराई स्थानीय तहका विधायिकी कार्यमा सहयोग गर्ने (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०६-१ङ र संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ को दफा १४-३)
- स्थानीय तहको अधिकार सूची तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्न स्थानीय तहहबाट अनुरोध भै आएमा प्रदेश सरकारले आवश्यक सहयोग गर्न सक्ने, (संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्ध ऐन, २०७७ को दफा१४-२)

अवलम्बन गरिएका प्रक्रिया

१. प्रदेश भौतिक योजना मन्त्रालयले स्थानीय तहका सरकारहरूलाई साना सिँचाइसम्बन्धी कार्यक्रम व्यवस्थित रूपमा कार्यान्वयन गर्न स्थानीय तहको अनुरोधमा सहयोग पुऱ्याउने उद्देश्यले निर्देशिका बनाउने पहल,

२. यसको लागि प्रदेश मन्त्रालयले प्रदेश र स्थानीय तहसमेतको प्रतिनिधित्व हुने गरी कार्यदल गठन,

३. यस प्रयासमा साना सिँचाइ कार्यसञ्चालनसम्बन्धी आधारभूत विषयमा एकरूपता हुने गरी मस्यौदा निर्देशिका तयार गरिएको,

४. निर्देशिकासँगै डिजाइनको आधारभूत विषयसहितको सरल म्यानुअल निर्माण गरी पालिकालाई उपलब्ध गराइने ।

अवलम्बन गरिएका प्रक्रिया

निर्देशिका तयारीको लागि गठित कार्यदल

१. प्रतिनिधि, भौतिक पूर्वाधार विकास मन्त्रालय (साना सिँचाइ कार्यक्रम हेर्ने अधिकारी) - संयोजक

२. प्रतिनिधि, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

३. प्रतिनिधि, साना सिँचाइ कार्यक्रम लागू भएका स्थानीय सरकारहरुबाट

क) त्रियुगा न.पा., उदयपुरबाट इन्जिनीयर - सदस्य

ख) फिदिम न.पा., पाँचथरबाट प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४. प्रतिनिधि, कानून अधिकृत, भौतिक पूर्वाधार मन्त्रालय - सदस्य

५. विषयगत विज्ञ (साना सिँचाइ कार्यक्रमका तर्फबाट) - सदस्य

६. विषयगत विज्ञ (साना सिँचाइ कार्यक्रमका तर्फबाट) - सदस्य

हालको अवस्था

- हाल उक्त निर्देशिका मन्त्रालयमा पुनरावलोकन भइरहेको र मन्त्रालयस्तरबाट स्वीकृत भएपछि सो निर्देशिकाको मस्यौदा स्थानीय तहहरुलाई उपलब्ध गराइने छ ।
- सो निर्देशिका स्थानीय तहहरुले आवश्यक भएमा परिमार्जनसहित लागू गर्नेछन् ।

धन्यवाद